puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

# पुथा उत्तरगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग )
लुम्बिनी प्रदेश, नेपाल

प सं.: ०७९।०८०
च.नं.:

मितिः २०७९।१०।१९ गते

**चौंथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना !!!**

**श्री पुथा उत्तरगंगा गाउँपालिका भित्रका सामुदायिक मावि,**
**तथा सरोकारवालाहरु सबैमा।**

पस्तुत सम्बन्धमा ' स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' श्री देउराली मावि हुकाममा जाउ, चौंथो राष्ट्रपति रनिङ शिल्ड भब्य रुपमा सफल बनाउ भन्ने भन्ने नारामा पुथा उत्तरगंगा गाउँपालिका अन्तर माध्यमिक स्तरिय चौंथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यहि मिति २०७९ फाल्गुण ५ गते देखि श्री देउराली मावि पुथा उत्तरगंगा गाउँपालिका वडा नम्बर - ५ हुकाममा सञ्चालन गर्ने निर्णय भएको हुँदा सम्बन्धीत सबै सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**उदघाटन मितिः २०७९ फाल्गुण ५ गते शुक्रबार विहान ११ बजे**

**प्रतियोगिताहरुः**

१. भलिवलः छात्र / छात्रा
२. कवड्डिः छात्र / छात्रा
३. एथ्लेटिक्स - ट्र्याक तर्फः
क) छात्र / छात्रा १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि. र ३०० मि.
रिले छात्र / छात्रा मार्फत ४* १०० मि. र ४ * ४०० मि.
ख) उफ्रने फ्याँक्ने (फिल्ड) तर्फः
छात्र / छात्राः हाइजम्प, लङजम्प,त्रिपलजम्प,
ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड छात्र तर्फ
ज्याभलिङ थ्रो ६०० ग्राम, सटफुट ८ पाउन्ड छात्रा तर्फ

**सहभागिले पालना गर्नुपर्ने नियमहरुः**

१. तोकिएका सबै माविहरु अनिवार्य सहभागि हुनुपर्नेछ।
२. सहभागिहरु सबै खेल पोसाकमा सहभागि हुनुपर्नेछ।
३. सहभागिहरु विद्यालय र राष्ट्रिय झन्डाको साथ् हुनुपर्नेछ।
४. सहभागि खेलाडिहरुले शिक्षा शाखाले तयारि पारेको फारामहरु भरि प्रअ बाट प्रमाणित गराएर बुझाउनुपर्नेछ।
५. सहभागि विद्यार्थी यो शैक्षिक वर्ष १८ वर्ष नपुगेको माध्यमिक तहमा अध्ययनरत हुनुपर्नेछ।
६. भलिवल र कबड्डि खेलमा सहभागि सङ्ख्या ९/ ९ जना हुनुपर्नेछ।
७. विद्यार्थीका साथ कम्तिमा १ जना शिक्षक अनिवार्य हुनुपर्नेछ।
८. सहभागि खेलाडिहरुको जन्म दर्ता, iemis विवरणमा अप्लोड वा परिचयपत्र अनिवार्य हुनुपर्नेछ।
९. टिम गेमको हकमा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टमा एउटा मात्र टिम सहभागि गराउन पाउनेछ।
१०. एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा छात्र तथा छात्रा रिलेको प्रत्येक इभेन्टमा १/ १ समूह मात्र र अन्य प्रत्येक इभेन्टमा बढीमा २ खेलाडीलाई सहभागि गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढीमा १ फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन सक्नेछ।
११. रिले दौड प्रतियोगितामा सहभागिको सङ्ख्या ४ जना हुनुपर्नेछ।

अन्य कुनै नियमसँग बाझिएमा खेलकुद सञ्चालन निर्देशिका र आयोजकको निर्णय अन्तिम मान्यहुनेछ।

व्यवस्थापकः श्री देउरली मावि हुकाम

आयोजकः पुथा उत्तरगंगा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा तकसेरा, रुकुम पूर्व।

सम्पर्क नम्बरः ९८५७८२८१२९, ९८४५२७७३८५ र ९८६९९८३२२६

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत